परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन वर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १५ ❑ अंक १ २०८३ श्रावण ३ आईतवार Sunday, 19 JUL 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोशी अस्पतालको जग्गामा अनाधिकृत रुपमा बनाइएको सटर माथि डोजर

विराटनगर । कोशी अस्पतालको जग्गा अतिक्रमण गरी गणेश मन्दिर, नेपाल क्षयरोग निवारण संस्था, नेपाल रेडक्रस सोसाईटीले अनधिकृत रुपमा बनाइको सटरमा माथि डोजर चलाएर भत्काईएको छ ।

अषाढ २९ गते सोमबार कोशी अस्पतालले जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ, शस्त्र प्रहरी बल मोरङको सहयोगमा रेड चिन्ह लगाएका सर्टरहरु भत्तकाईएको थियो ।

अस्पतालको जग्गा विभिन्न संस्थाले अतिक्रण गरेर निर्माण गरिएको सर्टरहरु प्रशासनको सहयोगमा अस्पतालको ६ वटा सर्टर सहित ३२ वटा सर्टरहरु भक्तकाएको जनसर्म्पक एवं सुचना अधिकारी नवराज लुँईटेलले जानकारी दिएका थिए ।

रेड चिन्ह लगाएका सर्टरहरु नेपाल क्षयरोग संस्था, रक्तसञ्चार सेवा केन्द्र, देवकोटा पुस्तकालय, गणेश मन्दिर लगायतका संस्थाहरुले अस्पतालको जग्गा अतिक्रण गरेर निर्माण गरिएको सर्टहरु भत्तकाउन लागिएको सूचना अधिकारी लुईटेलको भनाईछ ।

विभन्न संस्थाले निर्माण गरिएको सर्टहरु मध्ये गेणेश मन्दिर भित्र रहेको उज्वल फर्मा, कलश फर्मा, किसन किराना पसल, सुर्ति फार्मेसी, बालबालिका क्लिनिककासर्टरहरु भत्तकाउन लागिएको थियो ।



त्यस्तै क्षयरोग संस्थाले भाँडामा दिएको सटरहरु श्रेष्ठ होटल, मदिना होटल, पुन्टु कलेशन, पुर्वाञ्चल वायो मेडिकल, दिपेश सहकारी खाजा घर, रहिम मोटर साईकल ग्यारेज, मोनिका फार्मेसी, २ वटा खाली सर्ट सहित निरुपमा होटल, र नेपाल रेडक्र सोसाईटिले निर्माण गरेको सटरहरु, सुनिल भेराईरिज, सुमना ट्रेडर्स, त्रिवेणी फोटो स्टुडियो, राष्ट्रिय वाणिज्य बैंकको सर्टर, कोशी मोवाईल पसल, मिना मेडिकलल गायतका सर्टरहरु भक्तकाईएको छ

त्यस्तै देवकोटा पुस्तकालय ले निर्माण गरेको सटरहरु भट्टराई पान पसल, रा-वान सैलुन, देवकोटा हेयर कटिङ, मम हाउस, सुपर संगीत आर्टस, देवकोटा होटल, पान पसल, देवकोटा पुस्तकालयको मुल वाल समेत भत्तकाईएको छ । गणेश मन्दिर, नेपाल क्षयरोग संस्था, रक्तसञ्चार सेवा केन्द्र, र देवकोटा पुस्तकालय लगायतका मुल भवनलाई यथावत नै छोडेको छ ।

अस्पतालका मेडिकल सुपरी-टेण्डेन्ट डा.चन्द्रभाल झाले आफ्ना परिसर भित्र कम्पाउण्ड वाल लगाउने र अन्य सेवा सुविधा सहित सेवाग्राहीलाई सेवा उपलब्ध गराउने उदेश्यले सर्टहरु भत्तकाईएको जानकारी दिएका थिए ।

सुपरीटेण्डेन्ट झाका अनुसार अस्पतालले अन्य सेवाहरु विस्तार गर्ने क्रममा केहि सर्टहरु भत्तकाउनु परेको वताउँदै अहिले देवकोटा चोकदेखि हस्पिटल चोक सम्म सर्टरहरु भत्तकाईएका कारण चोक उराठ लाग्दो भएको छ । अस्पतालले नेपाल क्षयरोग संस्था, रक्तसञ्चार सेवा केन्द्र, देवकोटा पुस्तकालय, गणेश मन्दिर लगायतका संस्थाहरुलाई आफ्ना जग्गा खाली गर्न असार २२ गते ७

बांकी अन्तिम पेजमा...

## विशिष्टीकृत रुपमा विकास गर्ने घोषण

विराटनगर । सरकारले नीति तथा कार्यक्रममार्फत विराटनगर स्थित रहेको शैलेजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्रलाई 'विशिष्टीकृत' स्वास्थ्य संस्थाका रूपमा विकास गर्ने घोषणा गरेको छ ।

५० शय्याको सरकारी अस्पताल व्यवहारमा भने १२ घण्टे आकस्मिक सेवामै खुम्चिएको छ । दक्ष जनशक्तिको अभाव र जग्गा स्वामित्वको कानुनी जटिलताका कारण अस्पतालले २४ सै घण्टा सेवा दिन नसक्दा बिरामीहरू मर्कामा परेका छन् ।

यसको एउटा उदाहरण हुन्, मोरङ बेलबारीका ७० वर्षीय दिलीप प्रसाद रेग्मी । गत २९ असारमा लडेर घाइते भएका रेग्मीको दायाँ हात भाँचिएपछि उपचारका लागि उनलाई विराटनगर-१३ स्थित छोरी नमिताको घर ल्याइयो । नमिताले बुबालाई घर नजिकैको शैलेजा अस्पताल पुऱ्याइन् । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट (मेसु) एवं हाडजोर्नी विशेषज्ञ डा. वैभव मल्लिकले उनको तत्काल उपचार त गरे, तर सेवाको समयसीमाले रेग्मी परिवारलाई खिन्न बनायो ।

'उपचार सेवा त राम्रो रहेछ, तर यहाँ बिहान ७ देखि साँझ ७ बजेसम्म मात्रै आकस्मिक सेवा पाइने रहेछ,' उपचारपछि प्लास्टर बाँधिएको हात देखाउँदै रेग्मीले भने, 'हामीजस्ता विपन्नका लागि यो अस्पताल २४ सै घण्टा चलेको भए निजीमा गएर महँगो शुल्क तिर्नुपर्ने थिएन ।'

नशक्ति अभावको सास्ती अस्पतालले गत जेठ २१ गतेदेखि मात्र आकस्मिक सेवा सुरु गरेको थियो । हाल यहाँ मुटु, प्रसूति तथा स्त्री रोग, बालरोग र हाडजोर्नीको ओपीडी सेवा उपलब्ध छ । ५० शय्याको अस्पतालको मापदण्ड अनुसार आकस्मिक सेवा २४ सै घण्टा हुनुपर्ने भए पनि जनशक्ति अभावले त्यो सम्भव भएको छैन ।

अस्पतालका सुपरीटेण्डेन्ट डा. मल्लिकका अनुसार हाल यहाँ ४२ जनाको मात्र स्वीकृत दरबन्दी छ । 'हामीले सेवा विस्तारका लागि १०५ जनाको दरबन्दी माग गरेका छौं,' उनले भने, 'स्वास्थ्य मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरेर दरबन्दी थप्ने भने पनि त्यो प्रक्रियामै अल्झिएको छ ।'

बांकी अन्तिम पेजमा...






## मानव...

दिने सुचना दिएको थियो ।

विक्रम सम्बत १९४७ सालमा रंगेलीमा स्थापित कोशी अस्पताल २०१३ सालमा त्रिभुवन स्मारक अस्पताल नामाकरण गरि विराटनगर सारिएको थियो । त्यसबेला ५० शैय्या रहेको अस्पतालको २०२८ सालमा एक सय शैय्यामा क्षमताबृद्धि गरि कोशी अंचल अस्पताल नामाकरण गरिएको छ । २०६१ सालमा अस्पताल २ सय ५० शैय्यामा स्तरोन्नती भएको अञ्चल अस्पतालको नाम २०७५ सालबाट कोशी अस्पताल बनाइएको थियो ।

अस्पतालको नाममा ५ बिघा ८ कट्ठा ९ धुर जग्गा रहेको छ । जसमध्ये अस्पतालको दक्षिण खण्डमा नेपाल क्षयरोग निवारण संस्था, नेपाल रेडक्रस सोसाइटी, देवकोटा पुस्तकालय र गणेश मन्दिर निर्माण गरिएको छ । क्षयरोग निवारण संस्थाले करिब ११ कट्ठा जग्गा भोग चलन गर्दै आएकोमा २ कट्ठा ११ धुर जग्गामा गणेश मन्दिर निर्माण भएको छ ।

## विशिष्टिकृत...

कोशी प्रदेश स्वास्थ्य मन्त्रालयका अस्पताल महाशाखा प्रमुख डा. रामहरी रेग्मीले यसै आर्थिक वर्ष देखि अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्ने योजना रहेको बताए । उनले भने, 'प्रदेश सरकारबाट बजेट पारित भइसकेकाले यसै आर्थिक वर्षदेखि कर्मचारी व्यवस्थापन गरी २४ सै घण्टा आकस्मिक र इनडोर सेवा सुरु गर्ने लक्ष्य राखेका छौं ।'

सेवा विस्तारको योजना भए पनि अस्पतालको भौतिक संरचनामा भने ठूलो कानुनी अड्चन छ । अस्पताल रहेको जग्गा अझै पनि नेशनल ट्रेडिङको नाममा छ । जग्गाको स्वामित्व हस्तान्तरण नहुँदा र भवन निर्माणको ७० लाख रुपैयाँ भुक्तानी नपाएको भन्दै ठेकेदारले असन्तुष्टि पोखिरहेका छन् ।

## ६ जना पक्राउ

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरूबाट परिचालित प्रहरी टोलीले लागू औषध कारोबारमा संलग्न ६ जनालाई पक्राउ गरेको छ । पक्राउ परेका उनीहरूको साथबाट ब्राउन सुगर २ ग्राम ७८० मिलिग्राम बरामद भएको छ ।

सुनसरीको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले बराहक्षेत्र नगरपालिका-६ का ३२ वर्षीय अशोक राई र ४६ वर्षीय ईश्वर कुमार कार्कीलाई १ ग्राम ६७० मिलिग्राम ब्राउन सुगर र को १७ प ८३२९ नम्बरको मोटरसाइकल सहित नियन्त्रणमा लिएको छ ।

यसैगरी झापाको इलाका प्रहरी कार्यालय केचनाले कचनकवल गाउँपालिका-२ का ३२ वर्षीय विशाल गाईने र २३ वर्षीय सिद्धार्थ गाईनेलाई १८० मिलिग्राम ब्राउन सुगर सहित र मोरङको अस्थायी प्रहरी चौकी कुशलबजारले पथरीशनिश्चरे नगरपालिका-६ का २४ वर्षीय शिवलाल किस्कु सतार र २३ वर्षीया रुबिना महरालाई १ ग्राम ११० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ ।

# पत्रकारको उपचार निःशुल्कगर्ने पारस हस्पिटलको घोषणा




विराटनगर । विराटनगर महेन्द्र चोकस्थित पारस हस्पिटलले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै कोशी प्रदेशका पत्रकारहरूको उपचार निःशुल्क गर्ने घोषणा गरेको छ ।

हस्पिटलका अध्यक्ष डा. सफिउर रहमानले पत्रकारहरू समाजका महत्वपूर्ण सूचना वाहक भएको र आर्थिक अवस्था समेत कम्जोर भएकाले उनीहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर यस्तो निर्णय गरिएको बताएका छन् ।

डा. रहमानका अनुसार पारस हस्पिटलले पत्रकार मात्र होइन, आर्थिक अभावका कारण उपचार गराउन नसक्ने विपन्न तथा असहाय बिरामीहरूको समेत अवस्था मूल्याङ्कन गरी आवश्यक उपचार निःशुल्क उपलब्ध गराउँदै आएको छ ।

आर्थिक समस्याका कारण कुनै पनि बिरामी उपचारबाट वञ्चित नहोस् भन्ने उद्देश्यका साथ अस्पतालले मानवीय सेवालाई निरन्तरता दिएको उनले बताए ।

हस्पिटलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हेमनारायण मेहतन सबैलाई स्वागत सम्मान गरेका थिए ।

साथै एम्स हस्पिटल दिल्लीमा काम गर्दै आएका वरिष्ठ फिजिसियन डा. विमलेश यादवलाई यादवलाई स्वागत सम्मान गर्दै हस्पिटलमा भित्रियाएका छन् भने डाक्टर मुनेश्वर साहलाई मेडिकल डाइरेक्टरमा नियुक्त भएका डाक्टर रहमानले घोषणा गरे ।

अनुभवी चिकित्सक, आधुनिक उपकरण र सेवा विस्तारसँगै पारस हस्पिटलले गुणस्तरीय तथा भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

अस्पतालले आन्तरिक चिकित्सा, विशेषज्ञ परामर्श, आकस्मिक सेवा तथा अन्य स्वास्थ्य सेवाहरूलाई अझ प्रभावकारी बनाउँदै बिरामीमैत्री सेवा प्रवाह गरिरहेको जनाएको छ ।

सामाजिक सेवाप्रतिको आफ्नो प्रतिबद्धतालाई निरन्तर अघि बढाउँदै आएको पारस हस्पिटलले आर्थिक रूपमा कमजोर, असहाय तथा उपचारको पहुँचबाहिर रहेका बिरामीलाई सहयोग गर्दै आएको जनाएको छ ।

अस्पतालको यो पहलले स्वास्थ्य सेवासँगै मानवीय संवेदनालाई समेत प्राथमिकता दिएको सन्देश दिएको छ ।


## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्ग दर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षा मार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विकासभन्दा राजनीतिलाई प्राथमिकता

कोशी प्रदेशको राजनीति फेरि एकपटक सत्ता परिवर्तनको चर्चाले तातेको छ । सरकार टिकाउने र गिराउने अंकगणित, दलहरूबीचको समीकरण, सांसदहरूको समर्थन र सत्ता साझेदारीको खेलले प्रदेशको राजनीतिक वातावरण अस्थिर बनेको छ । जनताले विकास, सुशासन र सेवा प्रवाहको अपेक्षा गरिरहेका बेला राजनीतिक दलहरू भने सरकार परिवर्तनकै रणनीतिमा केन्द्रित देखिनु दुर्भाग्यपूर्ण हो ।

संघीय प्रणालीको उद्देश्य प्रदेशलाई अधिकार सम्पन्न बनाउँदै स्थानीय आवश्यकता अनुसार विकासको गति तीव्र पार्नु थियो । तर कोशी प्रदेशको अनुभवले भने सरकार गठन र विघटन, मुख्यमन्त्री परिवर्तन तथा सत्ता समीकरणको अभ्यासमै धेरै समय बितेको देखिन्छ । सरकार फेरिने हरेक घटनाले प्रशासनिक संयन्त्रमा अन्योल सिर्जना गर्ने, विकास योजनाहरू प्रभावित हुने र नीति कार्यान्वयनमा ढिलाइ हुने गरेको छ ।

कोशी प्रदेश कृषि, उद्योग, पर्यटन तथा व्यापारका दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेश हो। तर राजनीतिक अस्थिरताका कारण ठूला पूर्वाधार आयोजना, कृषि आधुनिकीकरण, उद्योग प्रवर्द्धन, स्वास्थ्य र शिक्षाजस्ता आधारभूत क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन। सरकार फेरिने हरेक चरणमा प्राथमिकता परिवर्तन हुने, योजना रोकिने र नयाँ घोषणामात्र थपिने प्रवृत्तिले प्रदेशको समग्र विकासलाई पछाडि धकेलेको छ । प्रदेशको भविष्य सत्ता समीकरणले होइन, स्थिर नेतृत्व, उत्तरदायी शासन र विकासमुखी राजनीतिक संस्कृतिले निर्धारण गर्नेछ। त्यसैले सबै राजनीतिक दलहरूले तत्कालीन स्वार्थभन्दा माथि उठेर प्रदेशको दीर्घकालीन हितलाई केन्द्रमा राख्ने परिपक्वता देखाउनु आजको आवश्यकता रहेको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।


**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# सञ्चार प्रविधिको दुरूपयोगमा पत्रकार कति दोषी

**धमेन्द्र झा**




सूचना प्रविधिको विकास र डिजिटल प्लेटफर्मको दुरुपयोगले समाजमा भ्रम सिर्जना गरी आम नागरिकलाई सही सूचना प्राप्त गर्नबाट वञ्चित गराउने चुनौती बढेको छ ।

गणेश नेपालीको मृत्यु प्रकरणमा सञ्चारमाध्यम र डिजिटल प्लेटफर्महरू पक्ष-विपक्षमा विभाजित हुँदा मिथ्या सूचना र प्रोपोगण्डाले सामाजिक सद्भावमा नकारात्मक असर पुर्‍याइरहेको छ ।

पत्रकारिताको आधारभूत मूल्य मान्यतालाई उपेक्षा गर्दै 'भाइरल' हुने होडबाजी र डिजिटल प्लेटफर्मको असुरक्षित प्रयोगले लोकतन्त्रको आत्मा मानिने सूचित नागरिकको विवेकलाई समेत प्रभावित पारेको छ ।

समयसँगै भित्रिएको प्रविधि-गत विकासले निम्त्याएका /निम्तिएको चुनौतीलाई पन्छाएर अगाडि बढ्न सकिने वर्तमानको अवस्था छैन । प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चारप्रविधि क्षेत्रको चुनौती । प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि । तर कुनै पनि व्यक्ति वा समूहले आफ्ना निहित स्वार्थलाई सर्वोपरि मानेर अरूलाई नकारात्मक असर पर्ने गरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रूपमा चुनौती निम्त्याउँछ । यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट वर्तमान प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था छैन ।

पछिल्ला केही समयमा, खासगरी मुगुका युवा गणेश नेपालीले त्रिपुरेश्वरमा रोजेको आत्मदाहको बाटो, त्यसपछिको उनको मृत्यु र नेपालीको मृत्युपछि उत्पन्न अप्रिय अवस्थाका सन्दर्भमा भइरहेको मिडियाको उपयोग (दुरुपयोग ?) लाई उदाहरणका रूपमा लिन सकिन्छ । प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ, तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भर पर्छ । खासमा सञ्चारमाध्यमले आमसर्वसाधारणलाई सत्य-तथ्य पस्किन्छन् भन्ने मान्यता राखिन्छ तर जब यही मिडियाले पस्केका विषयवस्तु (कन्टेन्ट)ले भ्रम सिर्जना गर्छ र आमव्यक्तिलाई सही सूचना प्राप्त गर्नबाट वञ्चित गर्छ भने मिडियाकर्मका बारेमा गम्भीरता पूर्वक सोच्नु जरूरी हुन्छ ।

गणेश नेपाली मृत्यु प्रकरणमा सञ्चारमाध्यम जसरी विभाजित भएर पक्ष र विपक्षमा बाँडिएका छन् उदेकलाग्दो छ । एकथरी जसरी पनि सरकारलाई जिम्मेवार बनाउन चाहन्छन्, मानौं सरकारलाई गलाउने तिनले एक उपयुक्त अस्त्र प्राप्त गरेका छन् । यो पक्षले पुराना सामग्रीलाई पनि नयाँ जस्तै बनाएर पस्किने प्रयत्न गरेका छन् भने अर्को पक्ष जसरी भए पनि सरकारको बचाउ गर्नुपर्छ भन्ने मनस्थितिमा छ । यो पक्षले सरकारको बचाउ गर्दै एक किसिमले गणेशको मृत्युलाई नै स्वाभाविक प्रमाणित गर्ने प्रयत्न गरेर हदैसम्मको घृणित कार्य गर्न खोजेको देखिन्छ ।

स्वीकार गर्नैपर्छ, यो वाक्युद्ध मा परम्परागत मिडियाभन्दा पनि न्यूमिडिया अर्थात् डिजिटल प्लेटफर्महरू 'उपयोग' भइरहेका छन् । अवस्था कस्तो उत्पन्न भएको छ भने सरकार समर्थितले सम्पादकीय प्रक्रियामा विश्वास गरेर पत्रकारिता गर्ने परम्परावादी मिडिया (अपवाद यहाँ पनि छन्)लाई अस्वीकार गर्ने र असान्दर्भिक मान्ने प्रयत्न गरिरहेका छन् अनि सम्पादकीय प्रक्रियामा खासै सक्रियता नदेखाउने नागरिक पत्रकारिता केन्द्रित डिजिटल मिडियालाई नै सबैथोक मान्ने प्रयास गरिरहेका छन् । हुन पनि गत फागुनमा सम्पन्न निर्वाचनमा पछिल्लो प्रकारकै मनस्थिति भएकाहरूको प्रभावकारिता बढी भएको मूल्यांकन गरिएको थियो ।

खासमा वर्तमानको कुनै पनि सन्दर्भमा आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रूपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबाबमा छन् आम व्यक्ति ।

निर्वाचनलाई लोकतन्त्र थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्व लाई गहिरो बनाउने अवसर मानिन्छ । गएको निर्वाचनका सन्दर्भमा सूचनाप्रविधिको विकास एक बलियो चुनौतीका रूपमा उपस्थित भएको स्वीकार गरिएको थियो। निर्वाचनमा परम्परागत प्रचार-प्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको थियो । यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका थिए । गणेश नेपाली प्रकरणमा पनि त्यस्तै प्रवृत्ति देखिएको छ भनियो भने असंगत हुने छैन ।

आम व्यक्तिलाई सही सूचना सम्प्रेषण गर्ने भन्दा पनि निहित स्वार्थका लागि मिडियाको 'प्रयोग' गरेर आम व्यक्तिलाई भ्रमित बनाउने प्रयत्न हुँदैछ । यस कार्यमा सूचनाप्रविधिको प्रयोग गरिंदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ । फेक खबर, डीप फेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि व्यक्तिको मोबाइलमै आइपुग्न सक्छन् ।

विचारणीय छ, विगतको निर्वाचन वा अहिलेको गणेश नेपाली आत्मदाहपछिको मृत्यु प्रकरण त उदाहरण मात्र हुन्, तर खासमा वर्तमानको कुनै पनि सन्दर्भमा आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रूपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबाबमा छन् आम व्यक्ति। निश्चय पनि अप्रमाणित कुराको आधारमा धारणा बनाउनु उचित हुँदैन ।

इन्टरनेटमा आधारित माध्यम को प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा आम व्यक्ति दिग्भ्रमित हुनसक्ने अवस्थामा छन् र उनीहरू उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामना गर्न बाध्य छन् ।

प्रविधिको प्रयोग नराम्रो होइन

बांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# मगहीलोक संस्कार

**श्याम सुन्दर सुतिहार**

नेपाल बहधार्मिक, बहु सांस्कृत्तिक र बहजातिय देश हो । विभिन्न सांस्कृतिक पक्षहरुमा धेरै प्रकारका संस्कारहरु रहेका छन् । जाति, भूगोल, पन्थ र धर्मको आधारमा संस्कार र पहिचान हो । सुनको मूल रुपलाई आगोमा तताएर सुनको संस्कार गर्दै एउटा र संस्कृतिहरु फरक फरक रहेका छन् । संस्कार र संस्कति नेपाल र नेपालीको गौरव निश्चित आकार निर्माण गर्न सकिन्छ । संस्कार र संस्कृतिले मानव सभ्यताको परिचय दिदै मानव सबै भन्दा उच्च श्रेष्ठ प्राणी भएको ठहर गर्छ । कुनै पनि जीवको पृथ्वीमा अवतरण हुनु नै प्रकृति सृजना हुनु हो । मानव जन्म पनि प्रकृति हो मगही समुदायको सबै संस्कार र संस्कृतिमा लोक गीत गाउने प्रचलन रहेको छ ।

मगही साहित्य समृद्ध साहित्य हो । मगधका जनताले साहित्य रचनामा सबै भन्दा बढी योगदान गरेको छ । मगही संस्कारलाई पाँच भागमा बाँडिएको छ ।

(१) जन्म संस्कार (२) मुण्डन संस्कार (३) ब्रतबन्ध तथा उपनयनसंस्कार (४) विवाह संस्कार (५) मृत्यु संस्कार

(१) जन्मसंस्कारहरु

सामाजिक लोकाचार अनुसार जव पति पत्नी दुवै शारिरीक एवं मानसिक रुपमा पूर्ण रुपले स्वस्थ्य हुन्थ्यो, त्यसपछि एक अर्कोको मन हृदयको कुरा बुझेर सन्तान प्राप्ती तर्फ विचार केन्द्रीत गर्ने चलन थियो । उदाहरण केही बर्ष पहिला बालविवाहको निकै प्रचलन 'थियो । विवाह भएपछि पनि बालिग नहुन्जेल सम्म केटा केटी आ आफनै घरमा बस्थे । जव दुवै जना बालिग हुन्थे त्यसपछि दुवै जनाको पुन: विवाह ( दिन वा दुरागमन) गर्ने चलन थियो । त्यसपछि केटीलाई केटाले आफनो घर ल्याउने चलन थियो । पुन: विवाह गर्नुको मतलव केटा केटी दुवै शारिरीक एवं मानसिक रुपमा तयार भएको मानिन्थ्यो । महिलागर्भधारण हुने वितिकै त्यो घर, छिमेकी, महिलाको माइतमा विशेष गरेर खुशी हुन्छ र बैबाहिक जीवन सफलताको शुभ कामना र उपहार दिने चलन छ । महिला गर्भधारण भए देखि नै घरको सबै सदस्यहरुले सन्तानोत्पत्तिको प्रतिक्षामा रहन्छ । सन्तान जन्मिने वितिकै घरको सबै सदस्यहरु, छिमेकीहरु, नातेदारहरु, बच्चाबच्ची हरु सबै हँसीखुशी भएर रमाउँन थाल्छ । मनमा अलगै प्रकारको चमक देखिन्छ । जव बच्चा जन्मन्छ उसले आफनो कुलको नाम परम्परालाई अगाडी लैजान्छ भन्ने विश्वासका साथ जन्म संस्कार गरिन्छ । मगही संस्कृतिमा जन्म संस्कार आफनै रितिरिवाज, परम्परा र धार्मिक संस्कार अनुसार गरिन्छ ।

क) गर्भवति महिलाले गर्न नहुने कार्य : गर्भमा रहेको बच्चा र बच्चाको आमालाई स्वस्थ्य राख्नको लागि केही कार्य गर्न निषेध गरेको छ भने केही कार्य अनिवार्य रुपमा गर्नुपर्दछ ।

१) गर्भ रहेको वेलामा गर्भिणी महिलाले कुनै पनि मन्दिर प्रवेश गर्न नहुने ।
२) पुजापाठ गर्न नहुने ।
३) गर्भवति महिलालाई ग्रहण लागेको समयमा घरबाट बाहिर निस्कन् दिदैन् ।
४) गर्भवति महिलालाई मरेको मान्छेको मुख पनि हेर्न दिदैन् । अर्थात जुन काम अशुभ मानिन्छ त्यो काम गर्न र हेर्न दिदैन् ।
५) गर्भवति महिलाहरुले मुर्ति हेर्नु हुदैन भने भनाइ रहेको छ ।
६) चुना वा बालुवामा बस्नु हुदैन ।
७) नदीमा स्नान गर्नु हुदैन् ।
८) गर्भवति महिलालाई अशान्ति एवं मानसिक तनावबाट टाढा राख्नु पर्दछ ।
९) निद्रालु, आलस्य गर्नु हुदैन् ।
१०) गर्भवति महिलाले कपाल खुल्ला राख्नु हुदैन् ।
११) सुत्ने बेलामा उत्तर तर्फ टाउँको राख्नु हुदैन् ।
१२) अमंगल शब्दहरु वा नकारात्मक शब्दहरु सुन्नु हुदैन् ।
१३) धेरै हाँस्नु हुदैन् ।१४) साँझ पख खाना खानु हुदैन् ।

ख) गर्भवति महिलाले गर्न हुने कार्य :

महिला गर्भवति भएपछि उसको जिम्मेवारी बढछ र सर्तक भएर आफनो कार्य गर्नु पर्दछ । एउटा महिला गर्भवति भएपछि दोहोरो जिम्मेवारी निर्वाह गर्नु पर्ने भएकोले विशेष ध्यान दिन जरुरी हुन्छ ।

१) गर्भवति महिलालाई पौष्टिक आहारको रुपमा गाँउघरमा रहेको जडीवुटीहरु लाई मिलाएर बनाएको औषधी. समयमा खानु पर्दछ ।
२) कुनै कुनै स्थानमा सदहोईरको रुपमा खिर, पुरी, तरकारी, मन पर्ने खाने कुरा आदी दिईन्छ जसलाई सदहोईर/ख्याक पनि भनिन्छ । यसले आपसमा प्रेम भाव र खुशीयाली रहेको संकेत गर्दछ । माईती र आफन्तबाट आउने चलन रहेकोले सदहोईरको लागि गर्भवति महिलाले प्रतिक्षा गर्ने प्रथा रहको छ । गर्भमा रहेको बच्चाले ३(तिन) महिना पछि बच्चाको आमाले सुन्ने र सिक्ने कुराहरु बच्चाले पनि सिक्ने हुनाले गर्भवति महिलालाई ज्ञान, विज्ञान र सकारात्मक कुरा सुनाउने चलन रहेको थियो ।
३) साथै, गाँउघरको जडीबुटीले बनाएको खाद्यपदार्थ (खानेकुरा) खानु पर्दछ ।
४) फलफूल समय अनुसार खानुपर्ने ।

जन्म संस्कार २ भागमा विभाजन गरिएको छ ।

१) गर्भधारण (बच्चा जन्मनु भन्दा पहिलाको संस्कार
२) बच्चा जन्म पछिको संस्कार

सुँढेनी : पहिला पहिला गाँऊ घरमा अस्पतालको अभाव थियो । बच्चा जन्माउने तरिका सम्बन्धी ज्ञान प्राप्त गरेको महिलालाई सुँडेनी भनिन्छ । केही वर्ष पहिला बच्चा घरमा नै सुंडेनीको सहायताबाट बच्चा जन्माईन्थ्यो । सुत्केरीको रेखदेख, बच्चा जन्मेपछि सालनाल काट्ने, ६ दिन सम्म सुत्केरी महिलालाई सक्खर, अदुवा, ज्वानो, सूप, गुंद, र मंगरेल, आदी मिसाएर हलुवा बनाई खुवाउने गरिन्थ्यो । सुत्केरीलाई मसाज पनि तिनै सुंडेनीले गर्थिन् । अहिले त्यही काम गर्नेलाई सिस्टर नर्स भन्ने गरिन्छ । सोइरी घर प्रवेश गर्न भन्दा पहिला माटोको बौरसीमा राखेको आगो छ्न पर्छ । यो एउटा विज्ञान हो ।

सोहर: जन्मको सुखद अवसरमा गाउने गीतलाई मगही संस्कृतिमा सोहर भन्दछ । प्राय: जन्मसंग सम्बन्ध राहने सबै प्रकारको संस्कारमा गाउने गीतलाई सोहर भन्दछ। जन्मोत्सव को सुखद अवसरमा निम्न प्रकारका गीतहरु प्रचलनमा छ ।

(क) प्रसव पिडा र तद्विषयक मनोभाव सम्बन्धी गीत
(ख) पुत्र जन्मको आनन्द र तद्विषयक मनोभाव सम्बन्धी गीत
(ग) जन्मको सुखद उपलक्ष्यमा उपहारको लागि ननद र भाउजुको संवाद सम्बन्धी
(घ) आनन्द बधाइ तथा शुभकामना सम्बन्धी गीत
(ङ) राम, कृष्ण सँग जोडिएको गीत
(च) छोरी जन्मको अवसरमा माता लक्ष्मी, माता सरस्वति, माता सीतासँग जोडिएको गीत
(छ) प्रकृति र समाजसँग जोडिएको उत्सव मागलिक गीत

पहिलो, छठियार : बच्चा जन्मेको छैटौं दिन छठियार गर्ने चलन छ । यस दिन आमा र बच्चालाई नुहाई धुवाई गरी नयाँ लुगा लगाई आफनो कुल गोसाईको पुजाआजा गरेर सम्पन्न गरिन्छ । छठियारमा बच्चाको आमाले पहेंलो रंगको साडी, साया, ब्लाउज लगाउनु पर्छ भने बच्चालाई पनि पहिलो रंगको कपडा लगाउने चलन छ । सो कार्य सुत्केरी भएको कोठामा मात्र गरिन्छ। रातीमा हुने शुभकार्यमा बच्चाको सिरानीमा कापि र कलम राख्ने चलन रहेको छ । कसैको नजर नलागोस् भनेर बच्चाको कम्मरमा कालो रंगको डोराडोइर (धागो) बाँधिन्छ । सोही दिन देखी बच्चा र आमा चोखिएको मानिन्छ । उक्त दिन नै कतिपय ठाँउमा बच्चाको नामाकरण पनि गर्ने चलन छ ।

दोस्रो, नवौं वा एघारौं दिनमा बच्चा जन्मेको ग्रह नक्षत्र आदी हेरेर पण्डित वा जान्ने मान्छेलाई बोलाएर पुजापाठ गरेर बच्चाको नामाकरण गरिन्छ । घरको मूलीले प्राय नाम राख्ने चलन रहेको छ ।

तेस्रो, बाह्रौं दिनमा बरही हुन्छ जसमा सुत्केरी महिलालाई ईनार, कल, पोखरी लाई छुवाईन्छ ( स्पर्श गराईन्छ) । अर्थात सुत्केरी महिला सामान्य रुपमा आफनो जीवन कार्यमा पुन: प्रवेश गरेको संकेत दिएको बताइन्छ । जन्मोत्सवमा मार्मिक, भावनात्मक र विचारणीय किसिमका गीत गाइन्छ । सो अवसरमा गाउने गीतलाई सोहर भनिन्छ । लोकगीतहरु मध्येको एक लोकगीत हो सोहर ।

सोइरी घर बच्चा र बच्चाको आमा १२ दिन सम्म बस्ने कोठालाई सोइरी घर भनिन्छ । बच्चा र बच्चाको आमा बस्ने घरको अगाडी वा ओसरामा बरण्डामा) गुइँठाको ३ दिन सम्म आगो बालेर राख्ने गर्दछ ।

जामुन गाछी (रुख) को हाँगा, धान ढुवानी गर्ने बहीया, हर(हलो) को ठेठा सोइरी घरको ओसरा ( बरण्डा) को मोख (मुख्य द्वार) मा राखिन्छ । यो प्राकृत्तिक विज्ञानलाई संकेत गर्दछ । जामुनको हाँगा र जामुनको फल, बिउबाट अनेक प्रकारको औषधी बनाईन्छ, त्यसको प्रतिनिधित्व गर्दछ । साथै, जमुवा नामक प्रेत पिचास बच्चालाई नछोओस भनेर जामुनको हाँगा राखिन्छ ।

यस समुदायको जातिहरुको आ आफनै पेशा रहेको सोही अनुसारको सामग्रीहरु जन्म संस्कारमा राख्ने चलन रहेको छ । कृषि पेशामा हष्ट पुष्ट, बलियो, कर्मशिल, कर्मयोगी र स्वाबलम्बी हुन र बन्नको लागि संकेत किसिमका सामग्रीहरु राख्ने गर्छ । अर्थात जसरी शिक्षा, ज्ञान, गुणको देवी माता सरस्वतीबाट आशिर्वादको कपी, कलम राखिन्छ र पुजा गरिन्छ, ठिक त्यस्तै एउटा कृक्षिकारको घरमा जन्म हुने बच्चाको लागि कृषि सामग्रीहरु नै राख्ने गरिन्छ । हरको ठेठामा फलामको फार/फाल राखेको हुन्छ, जसले जोत्ने बेलामा माटोलाई चिर्ने काम गर्दछ ।

बाँसको बहियाँ : पहिला पहिला यातायातको साधन कम र बाटोको अभाव रहकोले खेतबाट समानहरु ओसार पोसार गर्न तराई मधेशमा भरियाले भारको रुपमा प्रयोग गर्ने साधनको नाम हो बाँसको बहियाँपनि राख्ने गर्छ । कुनै कुनै स्थानमा छठियारको राती हर हलो) को ठेठाले बच्चाको ढाँड सेक्ने गर्दछ । यसको मान्यता के छ भने ठेठाले ढाँड सेकेमा ढाँड नदुख्ने भनाई रहको छ ।

नाइर पुरैन काटने : बच्चा जन्मिने वितिकै नाईर पुरैन काटेपछि बच्चालाई नुहाउने र आमाको दुध खुवाउने चलन रहेको छ । त्यहीवेला बच्चालाई मह चटाईन्छ । कुनै कुनै ठाँऊमा जनमबुटी खुवाईन्छ । जनमबुटी एक प्रकारको जडीबुटी हो ।

अन्नप्रासन : बच्चा जन्मेको ६ महिना पछि बच्चामा पाचन प्रक्रियाले अन्नलाई पचाउने ताकत हुन्छ । सोही कुरालाई मध्यनजर गर्दै परापुर्वकाल देखी ६ महिना बच्चा जन्मेको भएपछि शुभ दिन हेरेर बच्चा र बच्चाको आमालाई नयाँ लुगामा पुजा पाठ गरेर जातीय संस्कार बमोजिम अन्न खुवाउने प्रचलन रहेको छ । त्यस कार्यलाई अन्न प्राशन भनिन्छ । केही वर्षदेखी बैज्ञानिकहरुले पनि ६ महिना पछि मात्र बच्चालाई अन्न खुवाउनु पर्छ भनिरहेको छ । अर्थात हाम्रो संस्कृति अंति नै बैज्ञानिक रहेको स्पष्ट देखिन्छ ।

# स्रष्टामैत्री प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गर्न माग

विराटनगर । कोशी साहित्य-कला परिषद् नेपाल एवं मोरङ कोशी प्रदेशले स्रष्टामैत्री प्रदेश प्रज्ञा-प्रतिष्ठान गठन गर्न प्रदेश सरकारसंग माग गर्दै मुख्यमन्त्री लाई ज्ञापनपत्र बुझाएको छ ।

साहित्य संग आवद्ध कोशी प्रदेशका ४४ वटा साहित्य संस्थाहरूले संयुक्तरूपमा एकवद्धता जनाउदै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीलाई अषाढ ३२ गते विहीवार ज्ञापनपत्र बुझाएको थियो ।

ज्ञापनपत्रमा भाषा, साहित्य, कला र संस्कृतिको समुचित विकास बिना सामाजिक तथा सांस्कृतिक समृद्धि सम्भव नहुने भएकोले बहुभाषिक तथा बहुसांस्कृतिक कोसी प्रदेशमा स्वायत्त र स्रष्टामैत्री प्रज्ञा-प्रतिष्ठान गठन गर्नुपर्ने उल्लेख गरेको छ ।

हाल कायम रहेको 'कोशी प्रदेश प्रज्ञा-प्रतिष्ठान ऐन, २०७९' को प्रावधान अनुसार मुख्यमन्त्री लाई कुलपति, सामाजिक विकास मन्त्रीलाई सहकुलपति तथा सरकारी सचिवहरूलाई पदेन जिम्मेवारी दिने व्यवस्था रहेको कोशी साहित्य-कला परिषद् नेपालका सचिव नवराज पोखरेलले जानकारी गराएका थिए ।

यस्तो संरचनाले प्रतिष्ठानको स्वायत्तता कमजोर हुने र स्रष्टाहरूको भूमिका ओझेलमा पर्ने भएकोले परिषद्ले ऐन संशोधन नगरी प्रतिष्ठान गठनको प्रक्रिया अघि नबढाउन मुख्यमन्त्री कार्किलाई बिज्ञाप्ति मार्फत आग्रह गरेको छ । साहित्यकारहरुले प्रतिष्ठानको प्राज्ञहरुको नियुक्ती राजनीतिक भागभण्डाको आधारमा नभई भाषा, साहित्य, कला र संस्कृतिमा योगदान पुर्‍याएका तटस्थ तथा योग्य स्रष्टामध्येबाट गर्नुपर्ने माग गरेका छन् ।

परिषद्ले ऐनको प्रतिलिपि, संशोधन गर्नुपर्ने दफाहरूको विवरण तथा ऐक्यबद्धता जनाउने विभिन्न साहित्यिक, सांस्कृतिक र कलासम्बद्ध संस्थाहरूको विवरणसमेत मुख्यमन्त्रीसमक्ष पेस गर्नु भएको थियो । यता मुख्यमन्त्री कार्कीले ज्ञापनपत्र बुझनुहुँदै, प्रदेश प्रज्ञा-प्रतिष्ठान गठन गर्न प्रदेश सरकार काम अगाडि बढाई सकेको वताउँदै मुख्यमन्त्री कार्कीले साहित्यलाई पहिलो प्राथमिकतामा राखेर छिटो गठ्न गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

# ४६ प्रतिशत धान रोपाई

विराटनगर । मोरङका किसानहरुले झण्डै ४६ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ गरेका छन् ।

किसानहरुले लगाउने बालीहरु मध्यकै प्रमुख हो धान बाली यसवर्ष पानी समयमा आएको हुनाले कृषकहरुलाई धान रोपाई गर्न सहज भएको छ । जसका कारण यसवर्ष अघिलो वर्ष भन्दा कृषकहरुले धान रोपाई समयमा नै सकिने कृषि ज्ञान केन्द्र मोरङले जानएको छ ।

मोरङमा गत वर्ष साउन १० गते सम्मा ३२ हजार १ सय १६ हेक्टर क्षेत्रफल अर्थात ३६ प्रतिशत धान मात्र रोपाइ भएको थियो । जसको तुल्नामा यस वर्ष धान रोपाईले गति लिएको कृषि ज्ञान केन्द्र मोरङका माटो विज्ञ महेश सापकोटाले जानकारी दिए ।

यस वर्ष साउन महिनाको १० गते सम्ममा गरिब ८५ प्रतिशत धान रोपाई सकिने माटो विज्ञसापकोटाले दावी गरे । साउनको २० देखि २५ गते सम्ममा सनपाटल लगाएका खेतमा समेत धान रोपाई सकिने माटो विज्ञ सापकोटाले जानकारी दिए । मोरङमा जम्मा ६९ हजार ८ सय १७ हेक्टर क्षेत्रफलमा खेति हुने गरेको छ ।


खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# धनपालथान गाउँपालिका सीपमूलक तालिमले रोजगारीमा वृद्धि गर्न मद्दत



**विद्यानन्द चौधरी**

मोरङ जिल्लाको दक्षिणी भेगमा अवस्थित धनपालथान गाउँपालिले पछिल्ला वर्षहरूमा युवाको क्षमता विकास, रोजगारी सिर्जना र सरकारी सेवामा पहुँच विस्तार गर्ने अभियानमा सक्रिय रूपमा अघि बढाएको छ। लोकसेवा तयारी कक्षादेखि निःशुल्क सीपमूलक तालिमसम्मका कार्यक्रम सञ्चालन गर्दै गाउँपालिकाले युवाहरूलाई अवसरसँग जोड्ने प्रयासलाई प्राथमिकता दिएको हो।

साविकका नोचा,कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविसलाई समेटेर वि.सं. २०७३ सालमा धनपालथान गाउँपालिका गठन भएको हो। यसमा सातवटा वडा समेटिएका छन्। कृषि उत्पादन, धार्मिक सम्पदा र सांस्कृतिक विविधताका लागि यो गाउँपालिका परिचित छ। गाउँपालिकाको नाम ऐतिहासिक राजा धनपालथान मन्दिरबाट राखिएको हो, जसले यस क्षेत्रको ऐतिहासिक पहिचानलाई समेत उजागर गर्दछ।

गाउँपालिकाले पछिल्लो सयम युवालाई रोजगारीमा जोड्न लोकसेवा तयारी कक्षा चलाइ रहेको छ। यसमा युवाको आकर्षण बढ्दै गएको पाइन्छ। सरकारी सेवामा प्रवेश गर्ने सपना बोकेका युवाहरूका लागि गाउँपालिकाले सञ्चालन गरेको निःशुल्क लोकसेवा तयारी कक्षामा उत्साहजनक सहभागिता देखिएको छ। प्रतिस्पर्धात्मक परीक्षामा सफल हुन आवश्यक सामान्य ज्ञान, संविधान, प्रशासन, समसामयिक विषय, गणित, तर्कशक्ति तथा भाषासम्बन्धी विषयमा नियमित अध्यापन भइरहेको छ।

धनपालथान गाउँपालिकाले सञ्चालन गरेका विभिन्न सीपमूलक तालिमहरू प्रभावकारी बन्दै गएको जनाइएको छ। गाउँपालिका उपाध्यक्ष नसिमा बानोका अनुसार युवालाई लक्षित गरी सञ्चालन गरिएका तालिमबाट धेरै युवाले स्वरोजगारको बाटो समातेका। उनले भनिन्, "गाउँपालकिाले युवाहरुलाई सरकारी सेवामा प्रवेग गराउन र रोजगारीका अवसर सिर्जना गर्न तयारी कक्षा संचालन गरेको हो।" उनका अनुसार कतिपय युवाले सीपमुलक तालिम लिएर वैदेशिक रोजगारीमा समेत गइसकेका छन्।

उपाध्यक्ष बानोले पहिलो चरणका तालिम सफल भएकाले दोस्रो चरणमा पनि तालिम सञ्चालन गरिने जानकारी दिँदै तालिमपछि समूह गठन गरेर व्यवसाय सञ्चालन गर्न चाहनेलाई गाउँपालिकाले आर्थिक सहयोगसमेत उपलब्ध गराउने योजना रहेको बताइन्।

यसैगरी वडा नं. ३ ले हालै साबुन तथा फिनेल बनाउने सीपमूलक तालिम सम्पन्न गरेको छ भने वडा नं. ४ ले कुलत तथा लागू पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि युवालक्षित कार्यक्रम सम्पन्न गरेको जनाएको छ।

स्थानीय तहले सञ्चालन गरेका यस्ता सीपमूलक तथा जनचेतनामूलक कार्यक्रमबाट युवाहरू लाभान्वित भएका छन्। तालिमपछि कतिपयले आफ्नै व्यवसाय सुरु गरी आम्दानी गर्न थालेका छन् भने केहीले रोजगारीसमेत प्राप्त गरेका छन्। गाउँपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

कक्षामा सहभागी युवाहरूले यस्तो कार्यक्रमले आफ्नो आत्मविश्वास बढाएको, अध्ययन गर्ने वातावरण सिर्जना गरेको तथा आर्थिक भारसमेत कम भएको बताएका छन्। विशेषगरी आर्थिक रूपमा कमजोर तर प्रतिभाशाली युवाका लागि यो कार्यक्रम प्रभावकारी बनेको उनीहरूको अनुभव छ।

गाउँपालिकाका जनप्रतिनिधिहरूका अनुसार युवालाई रोजगारी र अवसरसँग जोड्ने उद्देश्यले लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको हो। नियमित अध्ययन, अनुशासन र प्रतिस्पर्धात्मक क्षमताको विकासमा यस कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याइरहेको विश्वास गरिएको छ।

सीप सिकेर स्वरोजगारतर्फ

लोकसेवा तयारीसँगै गाउँपालिकाले बेरोजगार युवायुवतीलाई लक्षित गर्दै निःशुल्क सीपमूलक तालिम सञ्चालन गर्न लागेको छ। गाउँपालिकाको समन्वय तथा पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रालिको आयोजनामा सञ्चालन हुने तालिम आर्थिक सहयोग कार्यक्रमअन्तर्गत दोस्रो समूहका लागि ल्याइएको हो।

तालिमअन्तर्गत सिलाइ तथा बुटिक, हाउस प्लम्बर तथा सेनेटरी फिक्सर, इलेक्ट्रिसियन तथा मोबाइल मर्मत तथा सौर्य तथा इनभर्टर जडानजस्ता व्यावसायिक विषय समेटिएका छन्। सिलाइ तथा बुटिक, हाउस प्लम्बर तथा सेनेटरी फिक्सर र इलेक्ट्रिसियन तथा मोबाइल मर्मत तालिम चार महिनाको हुनेछ भने सौर्य तथा इनभर्टर जडान तालिम पाँच महिनासम्म सञ्चालन हुनेछ।

१५ देखि ४० वर्ष उमेर समूहका युवायुवतीले तालिममा आवेदन दिन सक्नेछन्। सिलाइ तथा बुटिक र प्लम्बर तालिमका लागि सामान्य लेखपढ भए पुग्ने व्यवस्था गरिएको छ भने इलेक्ट्रिसियन, मोबाइल मर्मत तथा सौर्य-इनभर्टर जडान तालिमका लागि कम्तीमा कक्षा ८ उत्तीर्ण हुनुपर्नेछ।

गाउँपालिकाका अनुसार सम्पूर्ण तालिम निःशुल्क हुनेछ। सहभागीका लागि खाना तथा बस्ने व्यवस्था निःशुल्क गरिनुका साथै प्रत्येक महिना एक हजार रुपैयाँ भत्ता उपलब्ध गराइनेछ। साथै, आउजाउका लागि एक पटकको बसभाडा पनि प्रदान गरिने व्यवस्था गरिएको छ।

युवामैत्री अभियान

धनपालथान गाउँपालिकाले शिक्षा, सीप र रोजगारीलाई एउटै सूत्रमा जोडेर युवालाई सक्षम बनाउने नीति अवलम्बन गरेको देखिन्छ। एकातर्फ लोकसेवा तयारीमार्फत सरकारी सेवामा प्रवेश गर्ने आधार तयार भइरहेको छ भने अर्कोतर्फ सीपमूलक तालिममार्फत स्वरोजगार र वैदेशिक रोजगारीका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने प्रयास भइरहेको छ।

युवाहरूको सक्रिय सहभागिताले धनपालथानमा अध्ययन, सीप विकास र अवसरको नयाँ वातावरण सिर्जना गरेको छ। यस्ता कार्यक्रमले आगामी दिनमा दक्ष, आत्मनिर्भर र सक्षम युवा उत्पादन गर्दै गाउँपालिकाको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उदेश्य राखिएको छ।

# किडोपिया स्टुडियोको एक दिने अभिमुखिकरण

विराटनगर। किडोपिया स्टुडियो विराटनगरले अभिभावकहरु बीच एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

विराटनगर स्थित किडोपिया स्टुडियोमा डे कियरका लागि राखेका बच्चाका अभिभावकहरु बीच अभिमुखिकरण कार्यक्रम शनिवार सम्पन्न गरेकोछ। अभिमुखिकरण कार्यक्रममा बच्चाहरुलाई कसरी कियर गर्न सकिन्छ, त्यस विषयमा अभिभावकहरुलाई प्रशिक्षक मृदुला सालीयाले अभिमुखि करण गराएका थिए।

प्रशिक्षक सालीयाले अभिभावकहरुले घरमा बच्चाहरुलाई त्यती समय दिन नसकेका कारण धैरे जस्तो बच्चाहरु बुबा आमाको कुरा नसुन्ने, अन्य काममा बढी लगन सिलता देखाउने लगायतका बानीहरु बिग्रीदै गईरहेको उहाँको भनाई थियो। बच्चाहरुका लागि अभिभावकहरुलाई समय निकाल्न प्रशिक्षक सालीयाले सुझाव दिदै डे कियरमा बच्चाहरुले चाहेको, सामग्रीदेखि आर्गानीक खाने कुराहरुदेखि लिएर खेल्लने प्लेसहरु हुन्छ, तर त्यही कुराहरु घरमा हुँदैन, लड्दा टाउँकोमा चोट लाग्नु, हात खुट्टा भाँचिनु जस्ता समसया हुने गर्छ, यसका लागि डे कियर आवश्यक रहेको किडोपिया स्टुडियोका प्रवन्धक मुना गोयलले वताए

अहिले अभिभावकहरुको व्यस्तताका कारण धैरे जस्ता अभिभावकहरुले आफ्ना बच्चाको उज्वल भविषयका लागि प्रभावकारी डे कियरमा राख्दै आएको उहाँको भनाई थियो। आफ्ना बच्चाहरु प्रति सवै अभिभावकहरुलाई माया हुन्छ, त्यसका लागि अभिभावकहरुले जथाभावि ठाउँहरुमा बच्चाहरुलाई छोड्नु हुँदैन् सकेसम्म आफैसंग राख्नु, कि त सुविधा सम्पन्न डे कियरमा बच्चाहरुलाई राख्न प्रवन्धक गोयलले सुझाव दिए। कार्यक्रमा एक सय भन्दा बढी अभिभावकहरु सहभागीता रहेको थियो।

# खाद्यान्न हस्तान्तरण

विराटनगर। नेपाल ईन्जिनियर्स एशोसिएसन कोशी प्रदेश कार्यकारणी समिति रिाटनगरले ६४ औं इन्जिनिर्यस दिवसको अवसरमा पुर्वाञ्चल बाल सेवा आश्रमलाई खाद्यन्न सामग्री बितरण गरेका छन्।

विराटनगरमा इन्जिनिर्यस दिवसको अवसरमा पुर्वाअञ्चल बाल सेवा आश्रममा पुगेर समितिका अध्यक्ष जगरनाथ साहको नेतृत्वमा गएको टोलीले शनिवार खाद्यन्नका सामग्री वितरण गरेका हुन्।

६४ औं इन्जिनिर्यस दिवसको अवसरमा ३ दिने कार्यक्रम अर्न्तगत आश्रममा आश्रीत बालबालिकाहरुका लागि खाद्यान्न लगायत दैनिक प्रयोगमा आउने भिन्नि सामग्री हस्तान्तरण गरेको अध्यक्ष साहले बताए।

एसोसिएसनले हरेक वर्ष आश्रमलाई खाद्यन्नका सामग्री उपल्ब्ध गराउँदै आईरहेको अध्यक्ष साहले जानकारी दिए। यता साम्रग्री ग्रहण गर्दै पुर्वाञ्चल बाल सेवा आश्रमकी संरक्षक सीता पोखरेलले सहयोगी मनहरुलाई धन्यवाद व्यक्त गरेकी थिइन्।

आश्रममा १ वर्षदेखि जेष्ठनागरिक सम्मका आमाहरु गरेर जम्मा ७० जना आश्रममा आश्रीत रहेको उनले जानकारी दिइन्। आश्रममा रहेका सयौं बालबालिकाहरु नर्सरी देखि ब्याचलर सम्म पढेर विभिन्न रोजगारी गर्दै जिविकोपार्जन गरीरहेको उनले बताईन्।

NO SMOKING

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
निःशुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

# प्रदेशको उत्पादनलाई प्रोत्साहन गर्ने पोशाक भत्ता कार्यान्वयनमा

विराटनगर। कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ देखि प्रदेशको उत्पादनलाई प्रोत्साहन गर्ने गरी कर्मचारीहरूलाई दिइने पोशाक भत्ता कार्यान्वयनमा ल्याएको छ। कोशी प्रदेशमै उत्पादन भएका ढाका, खाँडी (खादी) र अल्लो तथा अन्य कपडाबाट निर्मित अफिस पोशाक अनिवार्य रूपमा प्रयोग गर्ने गर्न कर्मचारीलाई निर्देशन दिएको छ।

बुधबार र शुक्रबार यो व्यवस्था लागू गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कोशी प्रदेशले जानकारी दिएको छ। सोही निर्णयअनुसार सामाजिक विकास मन्त्रालयका कर्मचारीहरूले आजदेखि स्थानीय उत्पादनबाट बनेको पोशाक लगाउन सुरु गरेका छन्।



सरकारले साताको दुई दिन स्थानीय उत्पादनबाट बनेको पोशाक लगाउनुपर्ने व्यवस्था गरेको छ। यसका लागि नियमित रूपमा प्रदान गरिँदै आएको पोशाक भत्तामा प्रतिव्यक्ति वार्षिक ५ हजार ५०० रुपैयाँ थप गरी विशेष पोशाक सुविधा उपलब्ध गराइएको छ।

मुख्यमन्त्री हिक्मत कुमार कार्कीले आर्थिक वर्ष २०८३/०८४ देखि कोशी प्रदेशका स्थानीय तहहरूले पनि यो अभियानमा सहभागी हुन चाहेमा प्रदेश सरकारले लागत साझेदारी गर्ने नीति तथा आवश्यक बजेटको व्यवस्था गर्ने बताउनुभयो।

मुख्यमन्त्री कार्कीका अनुसार यस अभियानले कोशी प्रदेशमा उत्पादित ढाका, खादी र अल्लोजस्ता स्थानीय वस्तुको उत्पादन, बजारीकरण तथा प्रयोगलाई प्रोत्साहन गर्नेछ। यसबाट स्थानीय उद्योग, उद्यमी लाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ।

कोशी प्रदेश सरकारअन्तर्गत करिब ३ हजार ९६ जना कर्मचारी कार्यरत रहेका छन्। स्वीकृत दरबन्दी ४ हजारभन्दा बढी रहेको छ। प्रदेश सरकारले कर्मचारीमार्फत स्थानीय उत्पादनको प्रयोग बढाउँदै स्वदेशी उद्योगको प्रवर्द्धन र प्रदेशको अर्थतन्त्रलाई थप चलायमान बनाउने लक्ष्य लिएको जनाएको छ।

# दृष्य अवलोकनको गन्तव्य जेफाले



दृष्य अवलोकन र मनोरम गन्तव्य बनेको जेफालमा रहेको भ्यूटावर अहिले राजनीतिक खिचातानीका कारण ओझेलमा परेको छ। केरावारी-२ स्थित बुधवारे साविक सिंहदेवी पूर्वी नेपालका पर्यटकीय स्थानहरुमध्ये मोरङको जेफालेमा पनि केहि समय अगाडी भ्यूटावरबाट दृशय अवलोकन गर्न पर्यटकहरुको घुईचो लाग्ने गर्थ्यो।

पूर्वी नेपालका पर्यटकीय स्थानहरुमध्ये मोरङको जेफाले नयाँ र मनोरम गन्तव्य बनेको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण, शान्त दृश्यावलोकनको हिसावले जेफालेले विस्तारै धेरै आगन्तुकहरुलाई आकर्षित गरिरहेको छ। जेफाले डाँडामा बनेको भ्यु टावरले पुर्वका १६ वटा जिल्ला नियाल्न पर्यटकहरुको घुईचो लाग्ने गर्थ्यो। राजनीतिक खिचातानी र भ्यूटावर व्यवस्थीत नभएकै कारण पर्यटकहरु जेफाले डाँडा अवलोकन गर्न आउन छोडेको स्थानीय खगेन्द्र जमर कटेलले गुनासो गर्नुभयो।

जेफाले पर्यटक क्षेत्रमा आगन्तुकहरुका लागि शान्ति सुरक्षा, एवं भ्यूटावर निमार्णको कार्यमा तिने तहको सरकारलाई जुटन उहाँले आग्रह गर्नुभयो। दृष्य अवलोकन र मनोरम गन्तव्य बनेको जेफाले डाँडा केरावारी गाउँपालिकाबाट करिब १८ किलोमिटर पहाडी यात्रा गरेपछि पुगिने जेफाले डाँडा समुन्द्र सतहबाट एक हजार ९ सय ५० मिटर उचाइमा छ। जेफाले भ्यूटावरबाट पूर्वाञ्चलको १६ वटै जिल्ला, पूर्वमा मेची नदी तथा पश्चिममा कमला नदी र उत्तरतर्फ कञ्चनजंघा, मकालु, सगरमाथा लगायतका हिमालहरु प्रष्ट देख्न सकिन छ। तर पर्यटकहरुका लागि जेफालेमा दृश्य अवलोन गर्न कसैले चासो नदेखाएको अर्का स्थानीय भीम ठकुरीको भनाई छ।

यता यस विषयमा केरावारी गाउँपालिकाकी उपाधयक्ष मनमाया मगरसंग जिज्ञासा राख्दा उहाँले स्थानीय सरकारको पहलमा संघिय सरकारले ३ करोड वजेट परेको थियो। त्यो वजेटले जेफाले हराभरा हुन्थ्यो। तर विचमा सरकार परिवर्तन भयो, त्यसका कारण विकास हुन नसकेको उपाध्यक्ष मगरको भनाई छ।

अहिलेको संघिय सरकारले बजेट हालियो भने, जेफालेको विकास पुन: गर्न सकिने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो। टावर सम्म पुग्न अहिले पर्यटकहरुलाई समस्या हुने गरेको छ। भने स्थानीय कृषकले उत्पादन गरेका साग सबजी, फलफुल र पर्यटकहरुलाई आवत जावत गर्न महत्वपूर्ण दु:ख व्यहोर्नु परेको छ। जेफालेमा बनभोज खान र दृश्यावलोकन गर्न आगन्तुकहरु सधै जसो भिड लाग्ने गर्थ्यो। तराईका सुन्दर फाँटको अवलोकन, बिहानको सुर्योदय र साँझको सुर्यास्तको लोभलाग्दो दृष्य अवलोकन गर्न जेफाले डाँडाले आकर्षित गर्ने गरेको छ। जेफालेमा एक दिनमा १ सय ५० व्यक्तिलाई बास बस्ने होमस्टेको व्यवस्था रहेको छ। जेफालेलाई पर्यटक क्षेत्रको अझ दृघकालिन विकास गर्न, भ्यूटावर व्यवस्थीत गर्ने तर्फ स्थानीय र सरोकावला निकाय बिच सहकार्य हुनु आवश्यक छ।

## सञ्चार...

तर दुरुपयोग भने नराम्रो हो। यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता) लगायत सूचनाप्रविधि सम्बद्ध संयन्त्रहरूको सहयोग लिने प्रयत्न गरिएको छ। केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषणको प्रयत्न भएको छ। उद्देश्य आम व्यक्तिको हितरक्षा हो। यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर सूचना ग्राहीलाई आफ्नो स्वाथ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो।

पछिल्ला वर्षहरूमा कुनै पनि विषय र सन्दर्भलाई प्रभावित गर्न सक्ने गरी डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढीको अवस्था रहेको यथार्थलाई अस्वीकार गर्न सकिदैन। कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआई मार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी आम व्यक्तिलाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ। यसले आम व्यक्तिको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ।

गएको निर्वाचनमा 'एल्गारिदम'को निकै बढी प्रयोग भएको विश्लेषण गरिएको छ। भन्नेले त निर्वाचनका सन्दर्भमा योजनाबद्ध ढंगले नै एल्गोरिदमको प्रयोग भएको थियो पनि भन्छन्, तर प्रमाणित त कसरी गर्न सकिएला खै ? खासमा एल्गोरिदम द्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको महत्वपूर्ण चुनौती हो। सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ। यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ। यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिंदैन।

इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा आम व्यक्ति दिग्भ्रमित हुनसक्ने अवस्थामा छन् र उनीहरू उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामना गर्न बाध्य छन्।

वर्तमानमा, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आकलन गरिएको छ। जानकारहरूका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लङ्घन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्ति जस्ता समस्या पछिल्ला समयमा बढेका छन्। यस्तो वातावरणमा आम व्यक्तिले मानसिक दबाब महसुस गर्न सक्छन्। लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो। अहिलेको गणेश नेपालीको मृत्युका सन्दर्भमा पनि यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन। एआई प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो, तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ। उदाहरणका लागि, एआई मार्फत नक्कली भिडियो वा अडियो बनाएर व्यक्तिको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्ने जस्ता गतिविधि हुनसक्छन्। निश्चय पनि यसबाट आम व्यक्तिको सही सूचना प्राप्त गर्ने लोकतान्त्रिक अधिकार कुण्ठित हुने अवस्थाको सिर्जना हुन्छ।

लोकतन्त्रको आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी नागरिक हुन्। व्यक्ति भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने समाजको दिशा नै बदलिन सक्छ र अवाञ्छितहरूले स्वार्थसिद्ध गर्न सक्ने सम्भावना बढ्छ। त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ। यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ।

पत्रकारितामा पछिल्ला वर्षमा देखिएका फरकपनाबारे बुटवललाई कार्यक्षेत्र मानेर पत्रकारिता गरिरहेका अग्रज पत्रकार डीआर घिमिरे भन्छन्। सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्म मार्फत 'भाइरल' सामग्री बनाउन सके केही मात्रामा भए पनि आम्दानी गर्न सकिन्छ भन्ने धारणा व्यापक छ। केहीले यसबाट आर्थिक लाभ पनि हासिल गरेका छन्, तर भाइरल हुने प्रतिस्पर्धामा पत्रकारिताका आधारभूत सिद्धान्त, तथ्य परीक्षण, सन्तुलन र सम्पादकीय उत्तरदायित्वलाई उपेक्षा गर्ने प्रवृत्ति भने बढ्दै गएको पाइन्छ।

घिमिरेका अनुसार पत्रकारितामा 'भाइरल' हुनुलाई प्रभावको वास्तविक मापन मान्न सकिंदैन। सबैभन्दा धेरै हेरिने वा पढिने सामग्री नै सबैभन्दा उपयोगी, सत्य वा सामाजिक रूपमा जिम्मेवार हुन्छ भन्न सकिंदैन। प्राय: रिस, डर, आक्रोश, आश्चर्य, करुणा वा घृणा उत्पन्न गर्ने सामग्री नै तीव्र रूपमा भाइरल हुने गर्छन्। दुर्घटनाका भिडियो, राजनीतिक आरोप-प्रत्यारोप, रोदन वा भावुक दृश्य तथा धार्मिक तनाव जस्ता सामग्री धेरै हरिने र शेयर गरिने प्रवृत्ति छ।

निश्चय पनि आजको पत्रकारिता तीव्र सङ्क्रमणको चरणमा छ भनियो भने असंगत ठहर्दैन। एक समय थियो जब सम्पादक, समाचार कक्ष र संस्थागत मिडियाले सार्वजनिक सूचना प्रवाहको नियन्त्रण गर्थे। त्यतिबेला तथ्य परीक्षण, सम्पादकीय उत्तरदायित्व र नैतिक मापदण्ड पत्रकारिताको आधार मानिन्थ्यो, तर डिजिटल प्रविधि, स्मार्टफोन र सामाजिक सञ्जाल मार्फत गरिने पत्रकारिताका सन्दर्भमा त सूचना उत्पादनको संरचना नै बदलिएको छ भन्दा फरक पर्दैन। आज कुनै ठूलो मिडिया संस्था नभए पनि एक जना व्यक्तिले मोबाइल र इन्टरनेटको भरमा लाखौं मानिसमाथि प्रभाव जमाउन सक्छ। यस अर्थमा व्यक्ति स्वयम् 'मिडिया' बन्न पुगेको छ।

आजको सन्दर्भमा एउटा बहसमा भने मिडियाकर्मीहरू सहभागी हुनैपर्ने भएको छ, त्यो के भने एउटा पत्रकारको परिचय बनाएकाको सामाजिक सञ्जालमा हुने उपस्थितिलाई कसरी मूल्यांकन गर्ने ? उनी पत्रकार हुन् कि आम व्यक्ति, कि दुवै ? एउटा कुरा त स्वीकार्नैपर्छ, अहिले सामाजिक सञ्जाल मार्फत सतहमा देखिएको वाक्युद्धमा यस्तै दोहोरो परिचयका आधारमा उन्मुक्ति खोज्नेहरूकै उपस्थिति बढी छ।

पत्रकारले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल (फेसबुक, एक्स) जस्ता एकाउन्ट प्रयोग गर्दा पत्रकारिताको मर्यादा कायम राख्नुपर्छ कि पर्दैन ? पत्रकारले सेयर गर्ने स्टाटस वा विचारले उसको मिडियाको तटस्थतामा प्रश्न उठ्छ कि उठ्दैन ? केही यस्ता प्रश्न छन् जसको उत्तरको उपस्थितिमा मात्र व्यावसायिक र नागरिक पत्रकार बीचको भेदबारे कुनै स्पष्ट धारणा बनाउन सकिन्छ र अहिलेको वास्तविक दोषी को हो भन्ने किटान गर्न सकिन्छ। अनलाईन खवरबाट सभार

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं ।।